## सम्पूर्ण अभिभावक ज्यूहरुमा

# आ. व. 2026 साल विद्यालय शुल्क अनुदानको जानकारी

विद्यालय शुल्क अनुदान भनेको विद्यालय प्रवेश शुल्क र विद्यालयको अन्य खर्चहरूको लागी विद्यालय आंशिक शुल्क अनिदान प्रणाली हो।
गत वर्ष ,यो अनुदान लिनु भएकाले पनि पुन आवेदन दिनु पर्ने छ।

## विद्यालय शुल्क अनुदान पाउनु हुने अभिभावकहरुमा

सुगीनामी वार्डमा बसोबास गरी राख्नु भएका विद्यार्थी संगै एउटै घरठेगानामा बस्नु हुने अभिभावकहरुमा, तलका मध्ये कुनै कुरामा मेल हुने अभिभावकहरु

(1) 2025 साल 1 महिना (जनवरी )～12 महिना (डिसेम्बर)सम्मको सम्पूर्ण परिवारका सदस्यको कुल आम्दानी(※), अनुमानित तोकिएको मापदण्ड भन्दा कम भएको परिवार

（※）「कुल आय रकम」 वार्षिक आय होइन।

**※「कुल आय रकम」 भन्नाले वार्षिक आय होइन**


तलब आम्दानी मात्र भएका महानुभाव

「 2025 सालको गेनसेन च्योस्यु ह्योऊ(कुल वार्षिक आय देखाएको पत्र )」को 「क्यूयो स्योटोकू कोउज्यो गोउ नो किन गाकु(आयकर कटाई सकेपछिको कुल आय)」को कोठामा लेखिएको रकम बाट 10 मान येन कताएको रकम ।

व्यवसायिक आम्दानी भएका महानुभाव

आम्दानी रकमबाट व्यापार चलाउन आवश्यक खर्च कताइसकेपछिको रकम ( 2025 सालको 1 वर्षको जम्मा रकम)

※गेनसेन च्योस्यु ह्योऊ(कुल वार्षिक आय देखाएको पत्र )द्वारा सोउ स्योटोकू किन गाकु(आयकर कटाई सकेपछिको कुल आय)पुष्टि गर्दा




[मान्यता मापदण्ड रकमको अनुमान] परिवारको संरचना वा परिवारका सदस्यहरूको उमेर जस्ता कारकहरूका आधारमा रकम फरक हुन सक्छ।

★ आवेदन गर्न मिल्छ मिल्दैन भनी निश्चित हुनुहुन्न भने, [ईच्छा गर्दछु ] भनि बुझाउनु होस् ।

| परिवारको संख्या<br>परिवारको संरचना | २जना<br>(बुबा वा आमा, 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी) | ३जना<br>(बुबा वा आमा, 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी) | ４जना<br>(बुबा, आमा, 2कक्षाको माध्यमिक र 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी) | ５जना<br>(बुबा, आमा, 2कक्षाको माध्यमिक र 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी र 4 वर्षको बच्चा) |
|---|---|---|---|---|
| अनुमानित तोकिएको मापदण्ड | करीब 332 मान येन | करीब 370 मान येन | करीब 435 मान येन | करीब 459 मान येन |
| [सन्दर्भ] तलब आय रकम | करीब 483 मान येन | करीब 530 मान येन | करीब 611 मान येन | करीब 641 मान येन |

(2)हाल, जीवन संरक्षण अनुदान (जीवन संरक्षण कानून अन्तर्गत शैक्षिक सहयोग) प्राप्त गरी राख्नु भएका परिवार

(3) 2025 साल 4 महिना (अप्रिल )1 तारिख पछि , जीवन संरक्षण अनुदान निलम्बन/ रोक लगाईएका परिवार

(4)प्राकृतिक प्रकोप, बेरोजगारी, वा अन्य परिस्थितिहरूको कारणले आम्दानीमा उल्लेखनीय कमी आएको कारणले शिक्षण शुल्क र अन्य खर्चहरू कभर गर्न स्पष्ट रूपमा कठिनाइ भोगिरहेका परिवारहरू। ("विद्यालय शुल्क अनुदान आवेदन फारम/पावर अफ अटर्नी" को "४. विशेष परिस्थितिहरू, आदि" कोठामा विवरण लेख्नु होस्।)

## विद्यालय शुल्क अनुदानको आवेदन दिने प्रक्रिया

विद्यालय सहयोग प्राप्त गर्ने ईच्छा छ ⇨ 「विद्यालय शुल्क अनुदानको ईच्छाको बारे प्रश्नावली」 को 「希望する ईच्छा छ」 मा✔ चिन्ह लगाउने ⇨ 「विद्यालय शुल्क अनुदानको आवेदन • **पावर अफ अटर्नी**」 भर्नुहोस् ⇨ शिक्षा बोर्ड विद्यार्थी मामिला विभाग वा विद्यालयमा बुझाउने

विद्यालय सहयोग प्राप्त गर्ने ईच्छा छैन ⇨ 「विद्यालय शुल्क अनुदानको ईच्छाको बारे प्रश्नावली」 को 「希望しない ईच्छा छैन」 मा✔ चिन्ह लगाउने ⇨ शिक्षा बोर्ड विद्यार्थी मामिला विभाग वा विद्यालयमा बुझाउने

※आवेदन कुनै पनि समयमा दिन सकिनेछ। तर, भुक्तानी गरिने चाहिं आवेदन दिएको महिना देखि नै भुक्तानी दिईनेछ।( उदाहरण : 5(मेई)महिनाको आवेदन→5(मेई)महिना देखि भुक्तानी)

※यदि आवेदन दिई सकेपछि ,तपाईंको घरपरिवारको स्थिति, आवेदनको सामग्री आदिमा कुनै परिवर्तन आएको अवस्थामा, कृपया शैक्षिक मामिला विभागमा सम्पर्क गर्नुहोस्।

## विद्यालय शुल्क अनुदान स्वीकृति गरिएको नतीजा

अनुदान पाउने / नपाउने सम्बन्धि **7 महीना (जुलाई)पछि हुलाक मार्फत अभिभावकलाई सुचित गरिनेछ।**
विद्यालय शुल्क अनुदान स्वीकृति गरिएको नतीजा, भर्ना हुने विद्यालयलाई पनि सूचित गरिनेछ। अनुदानको नतीजा ,व्यक्तिगत जानकारी. भई, उचित व्यवस्थापन सहित, विद्यालय शुल्क अनुदानको कार्य बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन । विद्यालयको खाना

## कुल आय रकमको पुष्टिकरण

2025 साल 1 महीना (जनवरी )～12 महीना (डिसेम्बर ) सम्मको सपरिवारको कुल आम्दानी पुष्टि हुन नसकेको खण्डमा, छानबिन रोक्का गरिनेछ।

| | |
|---|---|
| （1） एकै (सगोल) परिवारमा रहेका सदस्य मध्ये कसैले करमा दर्ता नगरेका व्यक्ति | 5( मे )महिनाको मध्यसम्म कर घोषणा सम्बन्धी प्रक्रिया पूरा गरिसक्नुहोस्। आम्दानी नभएका व्यक्तिले पनि आवेदन दिनु पर्दछ। |
| （2） 2026 साल 1 महिना (जनवरी )2 तारीख पछि ,सुगीनामी वार्डमा आफ्नो ठेगाना सार्नु भएका व्यक्ति | शिक्षा समितिले निवेदन पत्र चेक गरेपछि, सम्बन्धित व्यक्तिलाई व्यक्तिगत रूपमा सम्पर्क गर्ने हुनाले ।「2026 **आर्थिक वर्षको कर भुक्तानी प्रमाणपत्र (वा कर छुट प्रमाणपत्र)」**(आय रकम, आय कटौतीको विस्तृत जानकारी आदि उल्लेख भएको कागजात) पेश गर्नु होस् । |
| （3） सुगीनामी वार्ड बाहेकको ठाउँमा आफ्नो ठेगाना दर्ता गरी राख्नु भएका बुवा आमा (उदाहरण: कामको कारण छुट्टै ठाउँमा बसेको ) | कर भुक्तानी प्रमाणपत्र (वा कर छुट प्रमाणपत्र) 2026 साल 1 महीना (जनवरी ) 1तारिखमा आफ्नो स्थाई ठेगाना दर्ता भएको वार्डमा बसोबास कर रकम निश्चित गरी 6 (जून )महीना पछि पठाईन्छ ।पठाउने दिनको बारे वा बुझीलिने तरिका बारे आफ्नो वार्ड अफिसमा सम्पर्क गरी बुझ्नुहोस् । |

## विद्यालय शुल्क अनुदानको भुक्तानी गरिने तरीका

यो अनुदान पाउनु हुने व्यक्तिले आवेदन फाराममा लेख्नु भएको बैंकको खातामा यो अनुदान रकम पठाइने छ। **बैंक खाता सकेसम्म विद्यालयको शुल्क शुल्क कटाउने उहि बैंकको खाता प्रयोग गर्नु होस् ।**

※ यदि बैंक खाताको जानकारी लेख्दा गल्ती भयो र रकम ट्रान्सफर गर्न सम्भव भएन भने, खाताको जानकारी सच्याउन समय लाग्ने भएकाले भुक्तानी करिब १ महिना ढिला हुन सक्छ।

यदि, कुनै विशेष कारणले विद्यालयको शुल्क लामो अवधि सम्म तिर्न बाँकी भएको खण्डमा विद्यालयको प्रधानाध्यापक शिक्षा परिषदले आवश्यक ठानेको अवस्थामा , हाल अध्ययनरत विद्यालयको प्रधानाध्यापक बैंक खातामा यो अनुदान रकम पठाइने छ।

## विद्यालय शुल्क अनुदानबाट भुक्तानी गरिने कुराहरु

①अध्ययनको लागि प्रयोग गरिने सरसामान शुल्क ②विद्यालयको कार्यक्रम शुल्क ③शारीरिक ,व्यायामको लागि चाहिने शुल्क (माध्यामिक तहको विद्यार्थीहरुलाई मात्र / जुडो・केन्डोका साधन) ④विद्यालय जीवन ,व्यवस्थापन तालिका बनाउनको लागि चाहिने शुल्क ⑤विद्यालय भर्ना हुन आवश्यक शुल्क(※) ⑥अवलोकन भ्रमण शुल्क ⑦शैक्षिक भ्रमण शुल्क ⑧विद्यालय स्नातकको एल्बम शुल्क ⑨चिकित्सा शुल्क (जीवनसंरक्षणको अनुदान प्राप्त गरी राख्नु भएका व्यक्तिहरु , विद्यालय बिमारीको रुपमा मानिने रोगको उपचार गरेको खण्डमा यो अनुदान लागु हुनेछ ) ⑩विद्यालयको खाना शुल्क(स्कुलको खाजा खर्च (स्कूलको खाजा खर्च) नि:शुल्क छ भने, पैसा तिराईनेछैन ।)

※⑤विद्यालय भर्ना हुन आवश्यक रकमको बारे

- 4 महिना (अप्रिल )बाट सुरु हुने प्राथमिक विद्यालयको पहिलो वर्ष तथा माध्यामिक विद्यालयको पहिलो वर्षका विद्यार्थीहरुलाई भुक्तानी गरिनेछ । विद्यालय भर्ना हुन अघि नै यो अनुदान भुक्तानी प्राप्त गर्नु हुने महानुभावलाई, भुक्तानी गरिने छैन।
- _प्राथमिक विद्यालय 6 कक्षाका आवेदकलाई, माध्यमिक विद्यालयमा भर्ना हुन आवश्यक भर्ना शुल्कको भुक्तानी 2027 साल 3 महिना (मार्च )मा गरिनेछ। 12 महिना (डिसेम्बर)पछि हुलाक मार्फत सम्बन्धित अभिभावकहरुलाई सूचित गरिने छ ।

※जीवन संरक्षणको अनुदान प्राप्त गरी राख्नु भएका व्यक्तिहरुलाई,कल्याण कार्यालयबाट①～⑤,⑩को शुल्क भुक्तानी गरिनेछ।

## बहुभाषीको जानकारीको बारेमा

स्कुल सम्बन्धि सहायताको जानकारी र आवेदन फारम भर्दा ध्यान दिनुपर्ने कुराहरू, अङ्ग्रेजी, नेपाली, चिनियाँ, कोरियान, भियतनामी भाषामा संस्करण छ।ईच्छुक व्यक्तिहरू कृपया शैक्षिक विभाग (गाकुमुखा)मा सम्पर्क गर्नुहोला।

अथवा सुगिनामी वार्डको आधिकारिक वेबसाइट "स्कुल सहयोग प्रणाली(स्युगाकु एन्ज्यो सेईदो)

" (दायाँ पट्टी रहेको 2D कोड) बाट पनि हेर्न सक्नुहुनेछ। "

The Notice regarding the School Expense Subsidy (Shugaku Enjo) and the notes for filling out the application are available in English, Nepali, Chinese, Korean, and Vietnamese. Please inquire to the School Affairs Section if you wish.

You may also check on the Suginami City Official Website, "School Subsidy System." (the 2D barcode on the right)

【सम्पर्क स्थान 】 सुगीनामी (कु) वार्ड शिक्षा परिषद् सचिवालय, शैक्षिक मामिला विभाग विद्यालय शुल्क अनुदान सम्बन्धित कर्मचारी
〒166-8570 1-15-1, ASAGAYA MINAMI, SUGINAMI KU (नगरपालिका भवनको पूर्व भवन 6 तल्ला 4 नं काउन्टर )
03 (5307) 0761 (डाइरेक्ट कल)

### 【विद्यालयको गाकुदो क्लबको उपयोग शुल्क आदि 】

विद्यालयको गाकुदो क्लबमा भर्ना भईरहेको विद्यार्थी, जो विद्यालय शुल्क अनुदान प्राप्त गर्न योग्य भएको खण्डमा, गाकुदो क्लबको शुल्कको न्यूनीकरण, खाजा खर्चमा छुट हुने व्यवस्था छ। यसको लागि, पहिले नै आवेदन दिनु आवश्यक पर्दछ। विस्तृत जानकारीको लागि विद्यालयको गाकुदो क्लबमा सिधै सम्पर्क गर्नु होस् ।○